# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ६) घ्याङलेख, साउन ०९ गते, २०७९ साल (अतिरिक्ताङ्क १५

## भाग २

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७९ साल कार्यविधि नं. ११**

# घ्याङलेख गाउँपालिकाको कृषि विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९

**प्रस्तावना :** गाउँपालिका क्षेत्रभित्रका वडास्तर देखी नै जनप्रतिनिधिको नेतृत्वमा सरोकारवाला कृषकहरुको प्रतिनिधित्व कृषि विकास समिति मार्फत सुनिश्चित गर्दै गाउँ कार्यपालिका मातहतको आर्थिक विकास समितिको प्रत्यक्ष मातहतमा रहने गरी कृषि विकास समिति गठन गरी सोही समिति मार्फत कृषि सम्बन्धी गाउँपालिका स्तरीय नीति निर्माण देखी कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरुलाई संलग्न गराई समग्र घ्याङलेख गाउँपालिकाको सर्वाङ्गीण विकासको मूलप्रवाहमा कृषकहरुलाई समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

घ्याङलेख गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी घ्याङलेख गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **“घ्याङलेख गाउँपालिकाको कृषि विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९”** रहेको छ।

(२) यो कार्यविधि घ्याङलेख राजपत्रमा प्रकाशन भएपछि घ्याङलेख गाउँपालिका क्षेत्र भर लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **“संयोजक”** भन्नाले यस कार्यविधिको परिच्छेद २ को नियम ३ र परिच्छेद ३ को नियम ६ बमोजिम गठन हुने समितिको संयोजक सम्झनुपर्छ।

(ख) **“कार्यपालिका”** भन्नाले घ्याङलेख गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।



घ्याङलेख गाउँपालिका

(ग) **"कार्यालय"** भन्नाले घ्याङलेख गाँउ कार्यपालिकाको कार्यालईलाई सम्झनुपर्छ ।

(घ) **"कार्यविधि"** भन्नाले कृषि विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९ लाई सम्झनुपर्छ ।

(ङ) **"गाउँपालिका"** भन्नाले घ्याङलेख गाउँपालिकालाई सम्झनुपर्छ ।

(च) **"समिति"** भन्नाले कार्यविधिको नियम ३ र नियम ६ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(छ) **"वडा"** भन्नाले घ्याङलेख गाउँपालिका मातहतको कुनै पनि वडालाई सम्झनुपर्छ ।

(ज)**"वडा समिति"** भन्नाले घ्याङलेख गाउँपालिका मातहतको सम्बन्धित वडाको वडा समितिलाई सम्झनुपर्छ ।

(झ) **"वडाध्यक्ष"** भन्नाले घ्याङलेख गाउँपालिका मातहतको सम्बन्धित वडाका वडाध्यक्षलाई सम्झनुपर्छ ।

(ञ) **"वडा सचिव"** भन्नाले सम्बन्धित वडाको वडा सचिवलाई सम्झनुपर्छ ।

(ट) **"समिति"** भन्नाले कार्यविधिको नियम ३ र बमोजिम प्रत्येक वडामा गठन हुने कृषि विकास समिति र नियम ६ बमोजिम गठन हुने पालिका स्तरिय कृषि विकास समिति सम्झनुपर्छ ।

(ठ) **"सदस्य"** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समिति तथा परिषद्का सदस्यलाई आवश्यकता अनुसार सम्झनुपर्छ ।

ड) **"आर्थिक विकास समिति"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सामाजिक क्षेत्र हेर्ने गाउँ कार्यपालिका मातहतको आर्थिक विकास समितिलाई सम्झनुपर्छ ।

(ढ) **"कृषक"** भन्नाले गाउँपालिका क्षेत्र भित्र कृषि तथा पशुपालन पेशा अवलम्बन गर्ने व्यक्ति वा फर्म वा सहकारी संस्था समेतलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## कृषि विकास समिति सम्बन्धी व्यवस्था

**३. समितिको गठन** : (१) प्रत्येक वडामा कृषि सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागि एक कृषि विकास समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

क) सम्बन्धित वडा समितिले तोकेको सम्बन्धित वडाको जनप्रतिनिधिहरु मध्येबाट एकजना –संयोजक

ख) कृषि क्षेत्रको विभिन्न विधा जस्तै चिया खती, माछ्ापालन, तरकारी खेती, पशुपालन अन्य व्यवसाय गरेका मध्येबाट वडा समितिबाट मनोनित चारजना कृषक –सदस्य

ग) कृषि सहकारी, फर्म आदिबाट वडा समितिबाट मनोनित तीनजना –सदस्य

(घ) वडा सचिव वा वडा सचिवले तोकेको प्राविधिक कर्मचारी–सदस्य सचिव

३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा वडा समितिले गर्नेछ र त्यसरी मनोनयन गर्दा सकभर पचास प्रतिशत महिलाको प्रतिनिधित्व गराइनेछ ।

४) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितिले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक सम्बन्धित वडा कार्यालयमा बस्नेछ।

२) संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बस्नेछ।

३) समितिको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनु पर्नेछ ।

४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ।

७) समितिको बैठकमा संरक्षकलाई आमन्त्रण गर्नु पर्नेछ।

५. **समितिको काम, कर्तव्य र अधिकार :** यस कार्यविधिको अन्यत्र नियममा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) कृषि लक्षित वडास्तरीय कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने।

ख) वडाभित्र क्रियाशील विभिन्न कृषिसँग सम्बन्धित संघ संस्थाहरु वीच आवश्यक समन्वय एवम् सहजीकरण गर्ने।

ग) कृषिका विभिन्न विधामा वडास्तरीय समुहको छनोट गर्ने।

घ) वडाभित्रका कृषकहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडा समितिमा सिफारिस गर्ने।

ङ) कृषकलाई कृषि विकासको मुल प्रवाहमा परिचालन गर्न अभियान मुलक कार्य सञ्चालन गर्ने, गराउने ।

छ) कृषि सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

(ज) वडाभित्रका विभिन्न विधाका कृषि संघ संस्थाहरुवीच आवश्यक समन्वय गर्दै नियमन समेत गर्ने ।

झ) कार्यपालिका तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद ३

## कृषि विकास समिति सम्बन्धी व्यवस्था

**६. समितिको गठन :** (१) कार्यपालिका मातहतको आर्थिक विकास समितिको प्रत्यक्ष मातहतमा रहने गरी गाउँपालिका स्तरीय एक कृषि विकास समिति गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | उप संयोजक |
| ग) सबै वडाका कृषि विकास समितिका संयोजक | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) कार्यपालिका महिला सदस्य एकजना | सदस्य |
| च) गाउँपालिकास्तरीय कृषि क्षेत्रसँग सम्बन्धि विभिन्न संघ संस्थाका प्रमुख वा प्रतिनिधिहरुमध्ये कार्यपालिकाले तोकेको एकजना | सदस्य |
| छ) कृषकको हक,हितको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा विशेष योगदान पुर्‍याएका कृषक तथा विज्ञहरुमध्येबाट कार्यपालिकाबाट मनोनित एकजना | सदस्य |
| ज) कृषि तथा पशु शाखा प्रमुख | सदस्य |
| छ) कार्यालयको आर्थिक विकास शाखा हेर्ने प्रमुख वा निजल तोकेको कृषि तथा पशु शाखा प्रमुख | सदस्य सचिव |

२) उपनियम (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा कार्यपालिकाले गर्नेछ र त्यसरी मनोनयन गर्दा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व गराइनेछ ।

३) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी कृषि विकास समिति मार्फत कार्यपालिकामा सिफारिस गरेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**७. समितिको बैठक र निर्णय** : (१) परिषद्को बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

२) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

३) समितिको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनुपर्नेछ ।

४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

७) समितिको बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

८. **समितिको काम, कर्तव्य र अधिकार :** यस कार्यविधिको अन्यत्र नियममा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) कृषि सम्बन्धी गाउँपालिका स्तरीय दीर्घकालिन नीतिको मस्यौदा तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

ख) कृषि लक्षित गाउँपालिका स्तरीय वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

ग) गाउँपालिका क्षेत्रभित्र क्रियाशील विभिन्न कृषिसँग सम्बन्धित संघ संस्थाहरुलाई गाउँपालिकामा सुचीकृत गर्ने र उल्लिखित संस्थाहरुको काम कारवाहीको रेखदेख तथा नियमन गर्ने ।

घ) कृषि सम्बन्धी विभिन्न विधामा गाउँपालिका स्तरीय समुहको छनौट गर्ने ।

ङ) गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी कार्यपालिकामा सिफारिस गर्ने ।

च) गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।

छ) कृषकहरुको विकास, सशक्तीकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी विषयमा कार्यपालिकामा सिफारिश गर्ने ।

ज) गाउँपालिकामा सूचीकृत कृषि सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

(झ) गाउँपालिका क्षेत्रभित्र क्रियाशील कृषिसँग सम्बन्धित विभिन्न संघ संस्था तथा कृषकहरुको काम कारवाहीको रेखदेख तथा नियमन गर्ने ।

ञ) कार्यपालिका तथा आर्थिक विकास समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद ५

## विविध

**९. भाग लिन नहुने** : समितिका कुनै सदस्य वा पदाधिकारीले आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुदैन ।

**१०. उपसमिति वा कार्यदल गठन गर्न सक्ने :** परिषद् वा समितिले यस कार्यविधि बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नका निमित्त आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

**११. पारिश्रमिक, सुविधा तथा बैठक भत्ता** : (१) समिति र परिषद्का पदाधिकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउनेछन् ।

२) वर्षमा बढीमा छ पटकसम्म बस्ने बैठकको लागि मात्र बैठक भत्ता उपलब्ध गराइनेछ ।

**१२. वार्षिक प्रतिवेदन :** (१) समितिले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सम्बन्धित वडाका वडाध्यक्ष र कृषि विकास समिति समक्ष पेश गर्नु पर्नेछ र वडाध्यक्षले उक्त प्रतिवेदन वडा समितिको बैठकमा प्रस्तुत गरी आर्थिक विकास समितिमा पेश गर्नु पर्नेछ ।

२) समितिले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र आर्थिक विकास समितिको संयोजक समक्ष पेश गर्नु पर्नेछ र आर्थिक विकास समितिका संयोजकले उक्त प्रतिवेदन आर्थिक विकास समितिको बैठकमा प्रस्तुत गरी वा कृषि विकास समितिले सोझै कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**१३. निर्देशन दिन सक्ने :** (१) कार्यपालिका तथा आर्थिक विकास समितिले दिएको निर्देशन पालना गर्नु यस कार्यविधि बमोजिम गठित समितिको कर्तव्य हुनेछ ।

**१४. संरक्षक सम्बन्धी व्यवस्था :** (१) समितिको संरक्षक आर्थिक विकास समितिका संयोजक हुनेछन् ।

२) समितिको संरक्षक सम्बन्धित वडाका वडाध्यक्ष हुनेछन् ।

**१५. सहयोग गर्नु पर्ने** : यस कार्यविधि बमोजिम गठित वडा समिति र पालिकास्तरीय समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१६. समिति विघटन** : (१) यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने समितिलाई सम्बन्धित वडाको वडा समितिले विघटन गर्न सक्ने र सोको जानकारी आर्थिक विकास समितिलाई गराउनु पर्नेछ ।

२) यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने समितिलाई आर्थिक विकास समितिको सिफारिशमा कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

**१७. कार्यपालिकासँग सम्पर्क :** समितिले कार्यपालिकासँग सम्पर्क राख्नु पर्दा आर्थिक विकास समिति वा कृषि विकास समिति मार्फत राख्नु पर्नेछ ।

**१८. मापदण्ड बनाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयन गर्नका लागि कृषि विकास समितिको सिफारिशमा कार्यपालिकाले आवश्यक मापदण्डको तर्जुमा गर्न सक्नेछ ।

**१९. बाधा अड्काउ फुकाउने** : यस कार्यविधिमा उल्लिखित प्रावधान कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**प्रमाणीकरण मिति :- २०७९।१२।०८**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा मुद्रित रु. १०।-**



घ्याङलेख गाउँपालिका